# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं


**चलानी नं.** ..................

मिति: २०८२/०३/१२

## नामवली पठाउने सम्बन्धी जरूरी सूचना !

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालय अन्तर्गतको अनुसन्धान समितिको मिति २०८२/०२/२५ गतेको बैठकको निर्णयानुसार यस सङ्कायद्वारा सञ्चालित दर्शनाचार्य-विद्यावारिधि कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२३ (२०८०-०८१) मा दर्शनाचार्य (MPhil) तहमा भर्ना भई २०८१ साल भाद्र महिनामा सञ्चालन भएको प्रथम सेमेस्टरको १२ क्रेडिट र २०८२ साल बैशाख महिनामा सञ्चालन भएको दोस्रो सेमेस्टरको १२ क्रेडिट गरी २४ क्रेडिट पूरा गरेका विद्यार्थीहरूलाई नियमित रुपमा विद्यावारिधि समूह (PhD Stream) मा सिधै भर्ना लिन सकिने व्यवस्था भए बमोजिम **दर्शनाचार्य तथा विद्यावारिधि कार्यक्रम सञ्चालन विनियम २०७७ को परिच्छेद २ को ४ (घ) र (ङ)** अनुसार तपसिलको आवश्यक प्रक्रिया पूरा गरी वि.सं. २०८२ साल आषाढ ३२ गतेभित्र इच्छुक उत्कृष्ट पाँच जनाको नामवली पठाउनुहुन सम्बन्धित केन्द्रीय विभागहरूलाई निर्देशानुसार अनुरोध गरिन्छ ।

### तपसिल

| सि.नं. | छनौटको आधार | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | स्नातकोत्तर तहको प्राप्ताङ्क | १५ | |
| २. | दर्शनाचार्य-विद्यावारिधि तह प्रथम सेमेस्टरको प्राप्ताङ्क | २५ | |
| ३. | दर्शनाचार्य-विद्यावारिधि तह द्वितीय सेमेस्टरको प्राप्ताङ्क | २५ | |
| ४. | नेप्जोलमा सूचीकृत जर्नलमा वा अन्य प्रतिष्ठित जर्नलमा प्रकाशित लेख दुईवटा | १० | |
| ५. | शोध प्रस्ताव | २५ | |
| | जम्मा | १०० | |

..................

डा. खोमराज खरेल
सहायक डीन


कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np


CamScanner